नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

केन्द्रीय कमिटीको छैटौं बैठक (२०८० भाद्र ५-७) मा प्रस्तुत

# राजनीतिक प्रतिवेदन

**प्रिय कमरेडहरू,**

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कमिटीको पाँचौं बैठक सम्पन्न भएको छ महिनापश्चात् छैटौं बैठक हुन गैरहेको छ । हामीले केन्द्रीय कमिटीको पाचौं बैठक गर्दाको परिस्थिति केही अप्ठेरो थियो । हाम्रो विद्रोहपछि बनेको गठबन्धन भत्केको थियो र माओवादीका साथ एमालेसहितको गठबन्धनले सरकार बनाएको थियो । अहिले त्यो परिस्थिति बदलिएको छ । पूरानो गठबन्धन ब्युतिएको छ र हाम्रो पार्टी समेत सम्मिलित सरकार बनेको छ। केही फरक परिस्थितिमा हामी यस छैटौं बैठकमा उपस्थित भएका छौं । म सर्वप्रथम यस बैठकमा उपस्थित सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र पार्टीका संस्थापक महामन्त्री कमरेड पुष्पलाल, प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी र जननेता कमरेड मदन भण्डारीलगायत सबै अग्रज नेताहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

हामीले विद्रोह गरेर पार्टी पुनर्गठन गरेको दुई बर्ष पूरा भएको छ । यस अवधिमा हामीले  विभिन्न उतारचढाव व्यहोर्नु पर्‍यो जसले गर्दा पार्टीको राष्ट्रिय सम्मेलन वा महाधिवेशनबाट गरिनुपर्ने तमाम कामहरू बाँकि नै रहेका छन् । हाम्रो पार्टीमाथि पनि अनेकौं प्रश्न उठेका छन् । पार्टीका मुख्य सैद्धान्तिक वैचारिक अडान, रणनीतिक र कार्यनीतिक प्रश्न, क्रान्तिको कार्यक्रम र कार्यदिशा, बदलिंदो राजनीतिक परिस्थिति र हाम्रा कार्यभार, एकपछि अर्को

गर्दै सफलतातर्फ बढ्दै गरेको कम्युनिष्ट आन्दोलनमा टुटेको कडीलाई जोड्दै फेरि एकताबद्ध कम्युनिष्ट शक्तिको निर्माण, राष्ट्रलाई एकताबद्ध पार्दै र अन्तरराष्ट्रिय तथा भूराजनीतिक दबाबहरूलाई सामना गर्दै मुलुकलाई समृद्धि र समाजवादको बाटोमा अगाडि बढाउनेलगायतका विषयमा पार्टीको स्पष्ट धारणा प्रस्तुत गर्नुपर्ने छ। अब हामी महाधिवेशनमा जाने छौं। त्यसैले उपर्युक्त सबै विषयमा सघन छलफल एवं व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने काम महाधिवेशनबाट नै गरिने छ। तथापि दिशा निर्देश गर्ने काम भने यसै बैठकबाट गर्नु पर्नेछ।

यस बैठकमा हामीले वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्नेछौं; २०७९ माघ २२ मा सम्पन्न केन्द्रीय कमिटीको पाँचौं बैठकपश्चात् गरिएका पार्टी कामको समीक्षा गर्नेछौं, पार्टीमा देखिएका समस्याको समाधान पहिलाउने छौं, पार्टीको बारेमा उठेका प्रश्नमा स्पष्ट पार्नेछौं। मुलुकको वर्तमान राजनीतिक परिस्थितिको ठोस विश्लेषणका आधारमा आगामी कार्ययोजना तय गर्नेछौं र पार्टी महाधिवेशनको सम्बन्धमा आवश्यक निर्णय लिनेछौं। मुख्यत: यिनै कार्यसूचीमा यो बैठक केन्द्रित रहने छ। यी काम गरेर हामी उत्साहका साथ आआफ्नो कार्यक्षेत्रमा फर्कने छौं।

## १. अन्तर्राष्ट्रिय परिस्थिति

आज संसारमा जेजति उत्पादन हुन्छ त्यसको बितरण मानव जातिलाई केन्द्रमा राखेर गरिन्थ्यो भने सम्पूर्ण विश्व जनसङ्ख्याका आधारभूत आवश्यकताहरू सजिलै पूरा गर्न सकिन्थ्यो। मानव जातिको कुनै पनि सदस्य भोको रहन्नथ्यो, कुनै पनि बच्चा कुपोषणले ग्रस्त हुँदैनथ्यो; उपचार नपाएर कसैले पनि मर्नु पर्दैनथ्यो; कोही अशिक्षित रहन्नथ्यो; आवासविहीन हुँदैनथ्यो; युद्धका मैदानमा मानिसहरू मारिँदैनथे; मानिसहरू आफ्नै थातथलोबाट विस्थापित भएर शरणार्थीका रूपमा भौंतारिनु पर्दैनथ्यो; प्राकृतिक श्रोतहरूको अत्यधिक दोहनले आजको जलवायु सङ्कट आउँदैनथ्यो; एकातिर श्रोत–साधनको फालाफाल

र अर्कोतिर अभावैअभाव हुँदैनथ्यो । आज मानिसले व्यहोरिरहेका भोक, रोग, गरिबी, अशिक्षा, विस्थापन, युद्ध, विभेद, माहामारीजस्ता समस्याहरूको एउटै कारण जसरी पनि नाफा कमाउने र पुँजी जम्मा गर्ने होड हो, पुँजीवादी व्यवस्था हो, साम्राज्यवाद हो । तर साम्राज्यवाद कहिल्यै पनि सङ्कट मुक्त थिएन र छैन । साम्राज्यवादले शोषण र युद्धलाई जति फैलाउँछ त्यति नै बढि प्रतिरोध पनि उत्पन्न गर्छ/गर्दैछ । यसरी एकातिर साम्राज्यवाद र अर्कोतिर संसारभरिका श्रमजीवी तथा न्याय, समानता र शान्तिकामी जनता रहेको व्यवस्था आजको विश्व व्यवस्था हो । न्याय, समानता र शान्तिको प्रत्याभूति समाजवाद हो । त्यसैले विश्व समाजको एउटा अङ्गका रूपमा रहेको नेपाल राष्ट्र अर्थात् नेपालको श्रमजीवी वर्ग तथा न्याय, समानता र शान्तिका पक्षधर सबै नेपालीहरूको भविष्य पनि समाजवाद हो ।

साम्राज्यवादकै कारणले आजको अन्तराष्ट्रिय परिस्थिति तनावपूर्ण छ । शीत युद्धको समाप्तीपछि एकछत्र ठानिएको विश्व पुंजीवादी साम्राज्यवादले आफ्नै आन्तरिक आर्थिक सङ्कटहरूलाई व्यवस्थापन गर्न सकेन । फलतः विश्व प्रभुत्वको लगाम कमजोर हुँदै गयो । अर्कोतिर आर्थिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा समाजवादी चीनले गरेको योजनाबद्ध विकास र अन्तरराष्ट्रिय सहयोगले विश्वका कैयौं मुलुकहरूका लागि नयाँ सम्भावनाका ढोका खुल्दै गएका छन् । अर्थात्, चीनको उदयले पश्चिमी मुलुकहरूको प्रभुत्वमा आधारित विश्व व्यवस्था हल्लिन थालेको छ । र, अहिले साम्राज्यवाद हडबडाएको छ । चीनको उदयलाई रोक्न त्यसले इण्डो–प्यासिफिक रणनीति (IPS) बनाएको छ, तग्बम्; बग्धक जस्ता गठबन्धन बनाएको छ; एमसीसीजस्ता संयन्त्रहरूलाई समेत पुनः परिभाषित गर्दैछ; ताइवानमा तनाव बढाउँदै छ; भारतलगायत यस क्षेत्रका अन्य देशहरूलाई नजिक्याउँदै छ र जसरी हुन्छ चीनको उदयलाई रोक्ने प्रयास गर्दैछ । हालै अमेरिकाको क्याम्प डेविडमा अमेरिका, जापान र दक्षिण कोरियाबिच त्रिपक्षीय रणनीतिक साझेदारीको घोषणा गरिएको छ । यसले गर्दा एशिया विश्वव्यापी तनावको मुख्य क्षेत्र बन्दै गएको छ । यसबाट यस क्षेत्रका

मुलुक र जनतामा गहिरो हलचल र ध्रुविकरणका सम्भावना बढेर गएका छन् ।

सोभियत सङ्घको विघटनपछि पश्चिमी मुलुकहरूले रुसलाई अपमानित गर्दै र घेर्दै युक्रेन विरुद्ध युद्धमा धकेलेका छन् । NATO का सदस्य राष्ट्रको संख्या र प्रभाव विस्तार गर्दै सामरिक क्षमता बढाउने ध्याउन्नमा उनीहरूले युक्रेनलाई मोहोरा बनाएर युद्धमा धकेले । युक्रेनको सार्वभौमसत्ताको बहानामा अत्याधुनिक सस्त्रास्त्र युक्रेन पठाएर युद्धलाई अझ लम्ब्याउने प्रयास गरिरहेका छन् । यसबाट युरोपमा मात्रै होइन विश्वभरि नै युद्धजनित प्रभाव पर्दै गएको छ । विश्वशान्ति र आर्थिक विकासमा बाधा पुग्ने, खाद्यान्नको अभाव, महंगी, विश्व व्यापारमा गिरावट, इन्धनको मुल्यमा बृद्धि, रोजगारीमा गिरावट मात्रै होइन विश्वव्यापि आर्थिक मन्दीको सङ्कट आउने सम्भावना बढ्दै छ ।

वित्तीय एकाधिकार पुंजीवाद र यसका विश्वव्यापि संयन्त्रहरूले श्रमजीवी जनतामाथिको शोषण र दमनलाई झन्झन् विस्तार गर्दैछन् । स्वयं विकसित पुंजीवादी मुलुकहरूमा पुँजीको केन्द्रिकरण बढ्दै छ, जसबाट ती मुलुकहरूभित्रै बेरोजगारी बढ्दैछ । नयाँ नयाँ प्रविधिको विकासले मानव जातिको होइन केही पुंजीपतिको नाफा कमाउने होडलाई सेवा गरिरहेको छ । त्यसले जनताको असन्तुष्टी बढाउँदै छ । कैयन् मुलुकहरूमा कम्युनिष्ट तथा अन्य प्रगतिशील शक्तिहरूले बिभिन्न खालका विरोध, प्रदर्शन र अभियानहरू सङ्गठित गरेका छन् । पुंजीवादी प्रणालीका सहउत्पादनका रूपमा अन्तराष्ट्रिय स्तरमा मुद्रा अपचलन तथा गैर बैंकिङ प्रणालीमा मुद्रा कारोबार र बिप्रेशण गर्ने गिरोहहरू, तस्कर, लागु औषधी कारोबार गर्ने अपराधीहरू, मानव बेचबिखन गर्ने दलालहरूका सञ्जालहरू फैलिएका छन् । हामी र हामीजस्तै कमजोर मुलुकहरूको अर्थतन्त्र र राजनीतिमा ती सञ्जालहरूले प्रभाव पार्ने गरेका छन् । तिनका विरुद्ध पनि बिभिन्न आन्दोलनहरू भएका छन् ।

सूचना प्रविधिका महाउद्योगहरूमार्फत पुँजीको संकेन्द्रणको प्रयत्न जारी छ । गामा (न्दढछ) भनिने गुगल, एमाजोन, मेटा र एप्पलजस्ता कम्पनीहरूले

प्रविधिमाथि एकाधिकार कायम गरी नयाँ ढङ्गको साम्राज्य स्थापना गरिरहेका छन् । यसबाट रोजगारको क्षेत्रमा, राजनीतिक विचारधारको क्षेत्रमा, लोकतन्त्रको क्षेत्रमा नयाँ नयाँ प्रभावहरू देखापर्न थालेको छ । यिनीहरूलाई साम्राज्यवादको पक्षमा र विभिन्न देशहरूमाथि निगरानी बढाउन प्रयोग गर्ने काम भएको छ ।

साम्राज्यवादी तथा पुँजीवादी शक्ति राष्ट्रको हस्तक्षेपकारी कार्यका बाबजुद चीनले समाजवाद निर्माणको कार्यदिशालाई अनवरत रूपमा अगाडि बढाइरहेको छ । राष्ट्रपति सी.जिन पिङको नेतृत्वमा चीनले अर्थव्यवस्थालाई अझ बढी उत्पादक तथा जनमुखी बनाउन प्रयन्त गरिरहेको छ । विकासशील राष्ट्रहरूसँग बहुपक्षीय र दुई पक्षीय सहयोग अभिबृद्धि गर्दै चीनले विश्व शक्ति सन्तुलनमा नयाँ गति दिन प्रयत्न गरिरहेको छ । Built and Road Initiative (BRI), Asia Infrastructure Investment Bank (AIIB), Shanghai Forum, Global Development Initiative (GDI), Global Civilization Initiavive (GCI) जस्ता अन्तराष्ट्रिय आर्थिक सहयोग र समझदारीको कार्यक्रमलाई अघि बढाएको छ । हाम्रो जस्तो मुलुकले आफ्नो जटिल र संवेदनशील भूराजनीतिक अवस्थाको हेक्का राख्दै यस्ता सहयोगलाई अधिकतम रूपमा परिचालन गर्ने नीति अवलम्वन गर्नुपर्ने हुन्छ ।

साम्राज्यवादले सयौं बर्षदेखि युद्ध, सैन्य विद्रोह र अनेकौं षडयन्त्रद्वारा आफ्नो प्रभाव कायम राखेको ल्याटिन अमेरिकीमा फेरि समाजवादी तथा वामपन्थी लहर आएको छ । नवउदारवाद र वित्तीय पूँजीवादको शोषण र दमनका विरुद्ध ल्याटिन अमेरिकी मुलुकका जनताले एकपछि अर्को मुलुकमा वामपन्थी पार्टीहरूलाई निर्वाचित गरेका छन् । त्यसले समाजवादको भविष्यप्रति विश्वव्यापी रूपमा नयाँ आशा र प्रेरणा जगाएको छ । साम्राज्यवादका सैन्य विप्लव, उक्साहट र अन्तरध्वंशका विरुद्ध जनता उठेका छन्, लड्दै छन् । साम्राज्यवादका विरुद्ध सात दशकसम्म क्युवाको लडाइँ त्यस क्षेत्रका जनताको निरन्तर प्रतिरोधको अनुपम प्रेरणा बनेर रहेको छ । सताब्दियौंदेखि

उपनिवेशवादी तथा साम्राज्यवादीको हस्तक्षेपले सिर्जना गरेको राजनीतिक तथा आर्थिक अस्थिरताको चपेटामा परेका अफ्रिकी मुलुकहरूले क्रमशः साम्राज्यवादी प्रभुत्वको विकल्प खोज्दै छन् । तेल र ग्याससमाथि नियन्त्रणका लागि साम्राज्यवादले अनेकौं युद्ध थोपरेको अरबका मुलुकहरूले बहुपक्षीय साझेदारी खोज्न थालेपछि विश्व प्रभुत्ववाद त्यहाँ पनि सङ्कट मुक्त छैन । विश्वव्यापिरूपमा विस्तार भएका मानव अधिकार, लैङ्गिक समनता, जातीय समानता, जलवायु परिवर्तन, आप्रवासन र आप्रवासी श्रमजीवीको हक अधिकार, ऐक्यबद्धताले न्याय, समानता र समाजवादका पक्षमा वातावरण बनाउँदै गएका छन् । यसरी आजको विश्व साम्राज्यवादको एकलौटी प्रभावबाट विस्तारै बाहिर जादैछ र मानव जातीको भविष्यमा आधारित नयाँ विश्वव्यवस्थाको सम्भावना बढ्दैछ । अर्थात् न्याय, समानता र शान्तिका लागि हामीले लडिरहेको लडाई संसारभरि क्रान्तिकारीहरूले लडिरहेको लडाईकै एउटा अङ्ग हो ।

## २. हाम्रो भूराजनीतिक परिस्थिति

सबै मुलुकहरूको भौगोलिक अवस्थितिले तिनको भूराजनीतिक अवस्था निर्माण गर्दछ । हाम्रा लागि भूराजनीतिक अवस्था अझ महत्वपूर्ण छ । भूराजनीतिक अवस्था आजका हाम्रा सामर्थ्य र सीमालाई बताउने एउटा महत्वपूर्ण तत्व हो । त्यसको ठोस जानकारीले समाजवादको नेपाली बाटोका चुनौति र सम्भावनालाई बुझ्न र लागू गर्न मद्दत गर्छ ।

नेपाल भूभाग, जनसङ्ख्या र अर्थतन्त्रका हिसाबले विश्वमै ठूला राष्ट्र चीन र भारतका बीचमा छ । यी दुवै मुलुकहरू प्राचीन सभ्यता भएका मुलुकहरू हुन् । ती विशेषताले गर्दा अहिले तिनका आकाङ्क्षा पनि आकाशिदै गएका छन् । चीन एउटा विश्व शक्ति भैसकेको छ । केही वर्षमा त्यो संसारकै ठूलो आर्थिक शक्ति बन्दैछ । भारत पनि आर्थिक विकासको दर, प्राकृतिक स्रोतको प्रचुरता, सस्तो श्रम आदि कारणले गर्दा भविष्यको एउटा मुख्य आर्थिक शक्ति बन्दैछ । यी दुवै मुलुकमा हुने आर्थिक विकासले ल्याउने सामाजिक परिवर्तन र

त्यसको राजनीतिले विश्वकै अर्थतन्त्र र राजनीतिलाई प्रभावित गर्नेछ । तिनका प्रतिस्पर्धा र सहकार्यका राम्रा वा नराम्रा प्रभावहरू हामीमाथि पनि पर्नेछन् । त्यसबीचमा एउटा स्वतन्त्र राष्ट्रका रूपमा समृद्ध र समाजवादतर्फ अगाडि बढ्न हामीसंग असाधारण चुनौति र सम्भावना दुवै छन् र भइरहने छन् ।

चीन अहिले अमेरिकी नेतृत्वको विश्व पुँजीवादी दुनियाँमाथि चुनौति खडा गरेको समाजवादी मुलुक हो । सम्पूर्ण पुँजीवादी दुनियाँ अहिले चीनको उदयलाई रोक्न आर्थिक, राजनीतिक, कूटनीतिक, सामरिक तथा जासुसी उपायहरू केन्द्रित गर्दैछन् । सन् २०५० सम्म संसारको सबैभन्दा समृद्ध समाजवादको निर्माण गर्ने चीनको राष्ट्रिय सङ्कल्पले के कुरा स्पष्ट पार्छ भने नेपाल विश्व विचारधारात्मक द्वन्द्वको वरिपरि छ/रहनेछ । त्यसमाथि, हामी चीनको तिब्बतसँग जोडिएको मद्दलद्दक हौं, जसलाई पश्चिमाहरूले चीनको कमजोर कडिको रूपमा प्रयोग गर्न चाहान्छन् । यसर्थ पुँजीवाद र समाजवादको विश्वव्यापि अन्तरविरोध र त्यसले ल्याउने परिवर्तनका उथलपुथलको प्रभाव हामीमाथि परिरहने छ । एउटा कम्युनिष्ट पार्टीका रूपमा ती उथलपुथलमा आफुलाई बचाउँदै नेपालमा समाजवादको निर्माण गर्नु हाम्रो लागि अर्को चुनौति हुनेछ ।

चीनको उदयका कारणले भारतसँग सम्बन्ध राम्रो बनाउने र चीनका विरुद्ध उकास्ने काम पश्चिमले गर्दैछ । त्यस्तै, पश्चिमसँग चीनको अन्तरविरोध चर्किंदा भारत बढि सुरक्षित हुनेछ । दुवै एशियाली र प्राचीनतम सांस्कृतिक परम्परा भएका चीन र भारत कुनै दिन एक ठाउँमा उभिन सक्छन् भन्ने चिन्ताले पश्चिमको रणनीति प्रभावित भैरहने छ । आधुनिक भारत र चीनको जन्मदेखि नै पश्चिमले यस पक्षलाई ध्यान दिएको छ । तसर्थ, ती दुवै मुलुकमाथि निगरानी राख्नका लागि पश्चिमले नेपाललाई विभिन्न रूपमा प्रयोग गरिरहेको छ/गरिरहने छ । त्यसका लागि हाम्रो राजनीति र अर्थतन्त्रमा पश्चिमले विभिन्न बहानामा दबाब दिइरहने छ ।

आवतजावत, लेनदेन, भाषिक-सांस्कृतिक आदान-प्रदानका हिसाबले भारत र हामी बीचमा घनिष्ठ सम्बन्ध रहिआएको छ । तर हामीबीचको सम्बन्धको अर्को पाटो पनि छ । भारतमा बेलायती साम्राज्य विस्तार हुँदै गर्दा नेपाल आधुनिक राष्ट्र बन्ने प्रक्रियामा थियो । त्यस क्रममा बेलायतले नेपालसँग युद्ध गऱ्यो । नेपालको भूभाग खुम्चियो तर एउटा आधुनिक स्वतन्त्र राष्ट्र बन्ने प्रक्रियामा नेपालले आफुलाई कायम राख्यो । यद्यपि बेलायतले नेपाललाई आफ्नो छत्रछायाँमा राख्ने प्रयास गरिनै रह्यो । भारतले स्वतन्त्र भएपछि पनि बेलायती नीति कायम नै राख्यो । यस क्रममा नेपाली शासकहरू कहिले झुके कहिले प्रतिरोध गरे । नेपालले आफ्नो स्वतन्त्रता तथा सार्वभौमिकताको रक्षा गर्दै आयो । भारतले उसका स्वार्थसँग हाम्रा शासक वा नेताहरू झुकेको इतिहास मात्रै नेपाल-भारत सम्बन्धको मुख्य प्रवृत्ति हो भन्ने स्थापित गर्न चाहन्छ र हामीलाई आफ्नो विशेष सम्बन्धको सीमाभित्र राख्न चाहन्छ । जबकि अंग्रेजहरूले स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकको निर्माणका लागि गरेको योगदानलाई हामीले नेपाल-भारत सम्बन्धको मुख्य प्रवृत्ति ठान्छौं । इतिहासको यो समझदारी नै अन्तरविरोधपूर्ण छ, त्यसैले नेपाल भारतको सम्बन्ध पनि अन्तरविरोधपूर्ण छ । हामीले भविष्यमा पनि यो अन्तरविरोध व्यहोरिरहनु पर्ने छ, चुनौतिको सामना गरिरहनु पर्नेछ ।

## ३. आजको राजनीतिक परिस्थिति

केन्द्रीय कमिटीको पाचौं पूर्ण बैठकमा हामीले आम निर्वाचन २०७९ पछिको राजनीतिक अवस्थाका बारेमा छलफल गरेका थियौं । २०७७ पुष ५ मा प्रतिनिधि सभाको विघटन र नेकपाको विभाजन मुलुकले लोकतान्त्रिक स्थिरताका साथ विकास गर्ने सम्भावनामाथि भएको प्रतिगामी हमला थियो । त्यसले दशकौंदेखिको राजनीतिक अस्थिरताको ढोका फेरि खोलेको थियो । त्यसले गर्दा हामी राष्ट्रिय पुंजीको निर्माण र सामाजिक विभेदहरूको अन्त्य गर्दै समाजवादको आधार तयार गर्ने कार्यभारबाट पछि हटेर संविधानको रक्षालाई तात्कालिक कार्यनीति बनाउनु पर्ने ठाउँमा पुगेका थियौं ।

प्रतिगमन विरुद्धको सफल आन्दोलनबाट प्रतिनिधि सभा पुनःस्थापित भई पूर्ण कार्यकाल कृयाशील भएपछि आयोजित आम निर्वाचनको बेला हामीसमेत सहभागी भएर बनेको गठबन्धन निर्वाचनपछि पौष १० मा भत्किएको थियो र नेकपा (माओवादी केन्द्र) ले नेकपा (एमाले), रास्वपा र राप्रपासँग नयाँ गठबन्धन बनाएर पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा सरकार निर्माण गरेको थियो । त्यो सरकार वस्तुतः नेकपा (एमाले) का अध्यक्ष के पी ओलीले रास्वपा र राप्रपालाई साथ लिएर निर्वाचनको बेला बनेको वाम-लोकतान्त्रिक गठबन्धन भत्काउने, संविधान विरुद्धको आफ्नो आक्रमणलाई सही ठहऱ्याउने र नयाँ सरकारलाई आफ्नो योजना अनुसार सञ्चालन गर्ने चालवाजीस्वरूप बनेको थियो । उक्त चालवाजीको पोल चाँडै नै खुल्यो र न्युनतम साझा सहमतिका आधारमा फेरि हामीसमेत सहभागी भएको नयाँ गठबन्धन बनेको छ र त्यस गठबन्धनले सरकार बनाएको छ । निर्वाचनपछि राजनीतिमा देखिन थालेको विकृतिलाई रोक्न त्यो एक महत्वपूर्ण कदम हो । पाँचै वर्ष सरकार टिकाउने ध्येय र त्यसका लागि आवश्यक सहमतिका साथ बनेको यस गठबन्धनले प्रतिनिधि सभाको यस कार्यकालभरि स्थिरताको विश्वास जगाएको छ ।

न्युनतम साझा सहमतिका आधारमा बजेट बनाएर आर्थिक तथा सामाजिक क्षेत्रमा अझ नयाँ आशा भरोसा विकास गर्न हामीले प्रयास गऱ्यौँ । गठबन्धनका सबै घटकको त्यस्तो प्रयासको अभावमा केही कमजोरी भएका छन् । त्यस्तै विगतका कतिपय घटनामा झैँ गठबन्धनलाई हामीले योगदान मात्रै गर्ने तर गठबन्धनले हाम्रो भूमिकालाई आवश्यक स्थान नदिने अवस्था नआओस् भनेर समेत हामीले गठबन्धनलाई सचेत पारेका छौँ र आगामी दिनमा ती कमजोरी हुन नदिने सहमति भएका छन् । सङ्घीय सरकारमा हाम्रो पार्टीबाट दुईजना मन्त्री जानु भएको छ, सूप सरकारमा एकजना, वाग्मतीमा दुईजना, मधेशमा एकजना र कोशीमा हामीले एकजना मन्त्री पठाएका छौँ । अरु प्रदेशका सरकारमा हाम्रो सहभागिताबारे छलफल चल्दैछ ।

मुलुकको एउटा असाधारण सम्भावनामाथि अचानक तुषारापात हुँदा जनतामा उत्पन्न निराशाको प्रतिक्रियाका रूपमा अहिले समाजमा नकारात्मक मनोविज्ञान फैलेको छ। त्यसले मुलुकको बौद्धिक जगतलाई समेत प्रभावित पारेको छ। यहि मौकामा इतिहासले किनारा लगाएका कतिपय पुनरुत्थानवादीहरू लोकतान्त्रिक गणतन्त्रकै विकल्पको दिवासपना देख्न थालेका छन्। राजनीतिलाई इतिहास र सिद्धान्तभन्दा अलग केबल क्षणिक लोकरञ्जना (पपुलिज्म) का रूपमा बुझ्ने केही मध्यम वर्गीय भुईंफुट्टाहरूका आवेगले मुलुकको युवा जनमतलाई प्रभावित पारेको छ। सस्तो निन्दा–भर्त्सनाको असहिष्णु प्रतिक्रियाले सामाजिक सम्वादको रूप लिंदैछ। तर यसको अर्को पाटो पनि छ। नयाँ भविष्यको स्पष्ट मार्गचित्रका साथ एउटा सङ्गठित शक्ति अगाडि आउँदा त्यहि तीब्रताका साथ समाजमा क्रान्तिकारी तथा प्रगतिशील ध्रुविकरणको सम्भावना पनि उत्तिकै छ। हाम्रो पार्टी नै त्यो शक्ति बन्नु पर्दछ।

कोरोना महामारीसँगै सङ्कटग्रस्त बनेको अर्थतन्त्र अझै तङ्ग्रिन सकेको छैन। अर्थतन्त्रको बाह्य क्षेत्रमा केही सुधार आएता पनि सङ्कटको अवस्था कायमै छ। उठेको राजस्वले चालु खर्च नै धान्न नसक्ने अवस्था छ। मूल्यबृद्धि र मुद्रास्फिति बढिरहेको छ। व्यापार घाटा चुलिंदै गएको छ। उद्योग व्यवशायमा समस्या थपिएका छन्। लगानी ठप्पजस्तै छ। उत्पादन र उपभोग दुवै घटेको छ। यसले गर्दा जनतामा असन्तुष्टि बढ्दैछ। अर्थतन्त्रलाई लयमा फर्काउन सरकारले आर्थिक, वित्तीय तथा मौद्रिक क्षेत्रमा अझ बढि ध्यान दिनु पर्नेछ। भ्रष्टाचार विरुद्ध पहलकदमीले सरकारको छवि राम्रो बनेको छ। भुटानी शरणार्थी, ललिता निवास, सुन तस्करीजस्ता घटनामा सरकारको तदारुकता प्रशंसनीय छ। मिटरब्याज पिडितहरूको पक्षमा ऐन बनाएर कार्यवाही अघि बढेको छ। भ्रष्टाचार विरुद्ध र सुशासनको पक्षमा अझ बढि केन्द्रित हुँदै अर्थतन्त्रलाई फेरि सहज बनाउन गठबन्धनमा छलफल भएका छन्। पार्टीले सरकारलाई प्रभावकारी बनाउन आगामी दिनमा पनि ध्यान दिनु पर्छ।

वर्तमान सात दलीय गठबन्धनको सरकार वामलोकतान्त्रिक शक्तिहरूको सरकार

हो । यसका निश्चित् दायित्व छन् । संविधानको रक्षा र आवश्यकतानुसार परिमार्जन एवं विकास गर्ने; सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने; देशको अर्थतन्त्र सुदृढ गर्न नीतिगत एवं संरचनागत सुधार गर्ने; उत्पादनमुखी अर्थतन्त्र निर्माण र आपुर्ति व्यवस्थामा सुधार गर्ने; राष्ट्रिय उत्पादनमा वृद्धि र रोजगारी सिर्जना गर्ने; गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति दिने; विस्तृत शान्ति सम्झौताका बाँकी काम र विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने; समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सांस्कृतिक आदि सबै प्रकारका विभेदहरूको अन्त्य गर्न निरन्तर प्रयास गर्ने; जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्न पहल गर्ने; राष्ट्रिय हितको रक्षा र स्वतन्त्र एवं सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने; यी कार्यहरू वर्तमान सरकारका मुख्य दायित्व हुन् । यी दायित्वहरू सरकारको सञ्चालनमा मार्गदर्शन गर्नका लागि गठबन्धनमा छलफल गरेर तयार पारिएको न्युनतम साझा कार्यक्रममा समावेस गरिएका छन् । अहिलेको सरकार उपर्युक्त दायित्व पूरागर्न प्रयत्नशील छ ।

वर्तमान सरकारमा हामी पनि छौं । हामीले सरकारबाट राट्रियता, लोकतन्त्र र जनजीविकाको पक्षमा प्रभावकारी ढङ्गले काम गर्नु पर्दछ । प्रदेश सरकार हरूबाट पनि जनसरोकार र विकासका काम गर्नु पर्दछ । हामी विभिन्न स्थानीय तहमा समेत छौं । अहिलेका स्थानीय तह स्थानीय सरकार हुन् । हामीले जहाँ स्थानीय सरकारको नेतृत्व प्राप्त गरेका छौं त्यहाँ जनताको पक्षमा काम गरेर नमुना प्रस्तुत गर्नुपर्दछ भने हामी निर्वाचित नभएका स्थानीय तहका हाम्रा पार्टी कमिटीहरूले सम्बन्धित स्थानीय तहको छायाँ सरकारका रूपमा काम गर्नु पर्दछ ।

आम निर्वाचन २०७९ पश्चात् गठित सङ्घीय संसदको प्रतिनिधि सभा र प्रदेश सभाहरू सबै त्रिसङ्कु बनेका छन् । प्रतिनिधि सभा र प्रदेश सभाहरू सबै त्रिसङ्कु भएको हुनाले सङ्घ र सबै प्रदेशमा गठबन्धन सरकार बनेका छन् ।

सरकारको स्थिरतामा प्रश्न उठिरहने अवस्था छ। प्रतिनिधि सभा त त्रिशङ्कु मात्र होइन खिचडी प्रकृतिको समेत छ। त्यहाँ गणतन्त्रवादी र गणतन्त्र विरोधी, परिवर्तनकारी र प्रतिगमनकारी, अग्रगामी र यथास्थितिवादी, सङ्घीयता पक्षधर र सङ्घीयता विरोधी, धर्म निरपेक्षतावादी र धर्मसापक्षतावादी आदि विभिन्न चरित्रका राजनीतिक शक्तिहरू उपस्थित छन्। यी शक्तिहरूबिच अनेक प्रकारले द्वन्द्व चलिरहेको छ। यसरी चलिरहने द्वन्द्वले गर्दा मुलुकमा अस्थिरताका बादल घुमिरहन सक्ने अवस्था छ। अहिले प्रतिपक्षमा रहेका दलहरूले जस्तासुकै विषयमा पनि संसद अवरोध गर्ने गरेबाट त्यस्तै सङ्केत पाइन्छ।

हामी सानो सङ्ख्यामा भए पनि सङ्घीय संसदका दुबै सदन र सबै प्रदेश सभाहरूमा उपस्थित छौं। वर्तमान परिस्थितिमा संसद पार्टी कामको एउटा महत्वपूर्ण मोर्चा हो। हामीले यस मोर्चालाई राम्रोसँग उपयोग गर्नु पर्दछ र त्यहाँबाट राष्ट्रियता, लोकतन्त्र र जनसरोकारका विषयहरूलाई सशक्त ढङ्गले अगाडि बढाउनु पर्दछ।

## ४. नेपाली समाजको विशिष्ट अवस्था

समाजको ऐतिहासिक विकासक्रमका चरणको हिसावले नेपाली समाज २०६२/६३ को जनक्रान्तिबाट पूँजीवादी चरणमा प्रवेश गरेको छ। त्यसैले वर्तमान नेपाली समाज आधारभूत रूपमा पूँजीवादी चरित्रको समाज हो। यो वर्गीय समाज हो। तर, यहाँ वर्गीय विभेद मात्र होइन जातीय विभेद पनि चर्को रूपमा रहेको छ। यहाँ वर्गभित्र जात र जातभित्र वर्ग रहेको अवस्था छ। एउटै वर्गभित्र जातीय विभेद छ भने जातभित्र वर्गीय विभेद छ। यहाँ आर्थिक विभेद मात्र होइन सामाजिक र सांस्कृतिक विभेद पनि छ। लैङ्गिक, भाषिक र धार्मिक विभेद समेत छ। समाज पूँजीवादी चरणमा प्रवेश गरेको भएता पनि यहाँ लामो समयसम्म रहेको सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक अवशेषहरू अझै बाँकी छन्। त्यसैले वर्तमान नेपाली समाजमा पूँजीवादी शोषण उत्पीडन मात्र होइन त्यस पूँजीवादी शोषण उत्पीडनको जालोभित्र शामन्ती शोषण उत्पीडनका अवशेषहरू समेत जोडिएर रहेका छन्।

मुलुकमा औद्योगिक पूंजी र राष्ट्रिय उद्योग व्यवसायको विकास राम्ररी हुनसकेको छैन । राष्ट्रिय पूँजीको विकास कमजोर अवस्थामा रहेको छ । केही समय यता वित्तीय पूंजी र व्यापारिक पूँजीको विकास व्यापक रूपमा भइरहेको छ । गैर वैंकिङ्ग क्षेत्रको ऋण प्रवाहको स्थिति पनि ठुलै मात्रामा रहेको छ । कृषि क्षेत्रमा भने अझै पनि परंपरागत निर्वाहमुखी उत्पादन पद्धति र श्रमको प्रचलन ठुलो मात्रामा विद्यमान छ । लाखौंको संख्यामा भूमिहिन तथा गरिब किसानहरू छन् । क्रान्तिकारी भुमिसुधार अहिलेसम्म हुन सकेको छैन । दर्ता नभएको तर बसोवास गर्दै आएको जमिन ठुलो मात्रामा रहेको छ । त्यस्ता जमिनमाथिको स्वामित्व सम्बन्धित बसोबासी तथा जोताहा किसानलाई प्रदान गर्ने काम हुनसकेको छैन । जमिनमाथिको स्वामित्व र वितरणको खाडल अझ विद्यमान नै रहेको छ । समाजमा रहेका सबैखाले विभेदहरू समूल रूपमा नष्ट गर्नुपर्ने आश्यकता छ ।

क्रान्ति समाज बदल्ने महाअभियान भएकाले समाजको चरित्र जस्तो छ, क्रान्ति पनि त्यस्तै चरित्रको हुन्छ । वर्तमान नेपाली समाज पूँजीवादी चरित्रको हुनाले यसलाई बदल्न गरिने क्रान्तिको चरित्र समाजवादी हुन्छ । समाजवादी क्रान्तिको प्रधान शत्रु दलाल नोकरशाही पूजीपति वर्ग हो भने यस क्रान्तिको नेतृत्वदायी एवं मुख्य बाहक शक्ति सर्वहारा श्रमजीवी वर्ग हो । श्रमजीवी किसान वर्ग समाजवादी क्रान्तिको अर्को मुख्य बाहक शक्ति हो । यस बाहेक शहरीय गरिब, निम्नपूँजीपति वर्ग र अन्य पेशा, व्यवसाय र तहका जनता यस क्रान्तिका भरोसा योग्य सहयोगी शक्ति हुन् । राष्ट्रिय पूँजीपति वर्ग, मध्यम पूँजीपति वर्ग, धनी किसान तथा देशभक्त, लोकतान्त्रिक व्यक्ति तथा समुह यस क्रान्तिका अस्थिर चरित्रका मित्र शक्ति हुन् । विश्व कम्युनिष्ट आन्दोलन, समाजवादी आन्दोलन, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलन, लोकप्रिय जनवादी आन्दोलन, पर्यावरण, शान्ति र मानव अधिकारवादी आन्दोलन समाजवादी क्रान्तिका मित्र शक्ति हुन् ।

## ५. नेपाली समाजको वर्गीय संरचना र प्रधान अन्तर्विरोध

नेपाली समाज ऐतिहासिक विकासक्रमको हिसावले सामन्तवादी चरणबाट पूजीवादी चरणमा प्रवेश गरेको हुनाले यसको वर्गबनौट वा वर्गीय संरचनामा परिवर्तन हुनु स्वभाविक हो । वर्तमान नेपाली समाजको वर्गबनौट र वर्गीय संरचनाको अवस्थालाई हेर्दा शहरमा दलाल नोकरशाही पूँजीपति वर्ग, राष्ट्रिय पूँजीपति वर्ग, मध्यम तथा निम्नमध्यम पूँजीपति वर्ग, शहरीया गरिब वर्ग र श्रमजीवी मजदुर वर्गहरू छन् भने ग्रामिण क्षेत्रमा धनी किसान, मध्यम तथा निम्नमध्यम किसान र गरिब किसान तथा भूमिहिन ज्यालादारी श्रमजीवी वर्ग रहेका छन् । यी सवै वर्गहरूका बिचमा विभिन्न प्रकारका अन्तर्विरोधहरू कायम छन् । दलाल नोकरशाही पूँजीपति वर्ग र राष्ट्रिय पूँजीपति वर्गबीच, दलाल नोकरशाही पूँजीपति वर्ग र श्रमजीवी मजदुर वर्गबीच, धनी किसान वर्ग र मध्यम किसानबीच, धनी किसान वर्ग र भूमिहिन गरिब किसान तथा ज्यालादारी श्रमजीवी वर्गहरूबीच अन्तर्विरोधहरू व्याप्त छन् । यी सवै अन्तर्विरोधहरूमध्ये दलाल नोकरशाही पूँजीपलि वर्ग र आम श्रमजीवी वर्गबीचको अन्तर्विरोध वर्तमान नेपाली समाजको आधारभूत अन्तर्विरोध हो ।

नेपाल एक स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न मुलुक हो । यो विश्व समाजको अभिन्न अङ्ग पनि हो । यो वाह्य जगतसँग पनि जोडिएको छ । यसका वाह्य सम्बन्ध पनि छन् । यहाँ वाह्य एवं वैदेशिक लगानी पनि छ । वाह्य शक्तिहरूसँगका सम्बन्ध र अन्तर्विरोधहरू पनि छन् । ती सम्बन्ध र अन्तर्विरोधहरू मित्रतापूर्ण मात्र होइन शत्रुतापूर्ण पनि छन् । विश्व साम्राज्यवाद नेपाली समाजको स्वतन्त्र विकास र समाजवादी क्रान्तिको बाधक भएको हुनाले यससँग नेपाल राष्ट्रको अन्तर्विरोध आधारभूत अन्तर्विरोध हो । त्यसैगरी प्रभुत्ववाद पनि नेपाली समाजको स्वतन्त्र विकास र समाजवादी क्रान्तिको बाधक भएको हुनाले यससँग नेपाल राष्ट्रको अन्तर्विरोध पनि आधारभूत अन्तर्विरोध नै हो ।

माथि चर्चा गरिएका आधारभूत अन्तर्विरोधमध्ये दलाल नोकरशाही पुँजीपति वर्ग र आम नेपाली श्रमजीवी वर्गबीचको अन्तर्विरोध आन्तरिक आधारभूत अन्तर्विरोध हो भने साम्राज्यवाद र प्रभूत्ववादसँगका अन्तर्विरोध बाह्य आधार भूत अन्तर्विरोधहरू हुन् । यी तीन प्रकारका आधारभूत अन्तर्विरोधमध्ये बाह्य अन्तर्विरोध प्रधान रहेको अवस्था अहिले होइन । त्यसैले आन्तरिक आधार भूत अन्तर्विरोध अर्थात दलाल नोकरशाही पुँजीपति वर्ग र आम नेपाली जनताबिचको अन्तर्विरोध बर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध हो । यतिबेला नेपाली समाजमा व्याप्त शोषण उत्पीडनको मूल रूप दलाल नोकरशाही पूँजीवादी शोषण उत्पीडन भएको हुनाले पनि दलाल नोकरशाही पुँजीपति वर्ग र आम नेपाली जनताबिचको अन्तर्विरोध नै बर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध हो ।

दलाल नोकरशाही पूँजीपति वर्गको हितमा काम गर्ने प्रतिनिधि कुनै एउटा राजनीतिक दलमा मात्र नभएर विभिन्न दल र सङ्गठनमा हुन सक्छन् । यसका अनेक गुट अनेक दलमा हुन सक्छन् । त्यसैले कुनै एउटा राजनीतिक दललाई दलाल नोकरशाही पूँजीपति वर्गको राजनीतिक प्रतिनिधि घोषणा गर्नु र उक्त राजनीतिक दलसँग आम नेपाली जनताको अन्तर्विरोध वर्तमान नेपाली समाजको प्रधान राजनीतिक अन्तर्बिरोध हो भन्नु उपयुक्त हुँदैन ।

प्रधान अन्तर्विरोधको सवाल रणनीतिक सवाल मात्र नभएर कार्यनीतिक सवाल समेत हो । यो क्रान्तिको चालु अवस्थामा प्रहारको निशानासँग सम्बन्धित सवाल हो । हाम्रो अहिलेको कार्यनीति जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै शान्तिपूर्ण सङ्घर्ष र लोकतान्त्रिक बिधिबाट मुलुकको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणसहित राष्ट्रिय पुँजीको बिकास गरेर सामाजिक न्याय र लोकतान्त्रिक मूल्य मान्यतासहितको समाजवादका आधार निर्माण गर्ने हो । यस कार्यमा बाधक बन्ने राजनीतिक तत्व नै यतिबेला प्रहारको प्रमुख निशाना हो । यतिबेला एकातिर नेपाली समाजलाई अग्रगमन तथा प्रगतिशील दिशामा अघि बढाउन प्रयत्न भईरहेको छ भने अर्कोतिर पश्चगमन तथा प्रतिगमनतर्फ

धकेल्न खोज्ने प्रवृत्तिले शीर उठाउने खतरा पनि छ । त्यसैले अहिले जनता, राष्ट्र र लोकतन्त्र बिरोधी नीति र कामहरू जनताको सङ्घर्षका प्रमुख निशाना हुन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका बिरोधी राजनीतिक तत्व एवं शक्ति र वर्तमान नेपाली समाजलाई समाजवादतर्फ अगाडि बढाउन चाहने आम नेपाली जनताबिचको अन्तर्बिरोध वर्तमान नेपाली समाजको प्रधान राजनीतिक अन्तर्बिरोध हो ।

प्रधान अन्तर्बिरोधको सवाल क्रान्तिको तात्कालिक मुख्य कार्यभारसँग पनि सम्बन्धित सवाल हो । आजको मुख्य कार्यभार संविधानको रक्षा र विकास गर्दै समाजवादी रूपान्तरणको आधार तयार गर्नु हो । यस कार्यभारको अवधिभर दलाल नोकरशाही पुँजीवादसँग नेपाली जनताको अन्तर्बिरोध प्रधान रहन्छ । राजनीतिक रूपमा दलाल पुँजीवाद बिभिन्न राजनीतिक पार्टी, समूह वा प्रवृत्तिका पुनरुत्थानवादी, दक्षिणपन्थी, अवसरवादी नीति र प्रवृत्तिहरूमा प्रकट हुन्छ । मुलुकका नयाँ वा पूराना सबै पार्टीहरूसँग हाम्रो सम्बन्ध दलाल पुँजीवादबारे उनीहरूको दृष्टिकोणमा भरपर्छ । कतिपयले मुलुकको समाजवादी रूपान्तरणको कुरा गर्छन् तर जनक्रान्तिका उपलब्धी, वर्तमान संविधानको रक्षा र बिकासप्रति उनीहरूको दृष्टिकोण गलत छ भने कतिपयले संविधानको रक्षा र बिकासको पक्षमा आफुलाई उभ्याएका छन् तर मुलुकको समाजवादी रूपान्तरणप्रति नकारात्मक दृष्टिकोण राख्छन् । त्यस्तै कतिपय ती दुवै बिषयमा नकारात्मक वा अस्पष्ट छन् । नेकपा (एकीकृत समाजवादी) संविधानको रक्षा, बिकास र समाजवादी रूपान्तरणका मुद्दाहरूमा ती राजनीतिक दलहरूका दृष्टिकोण अनुसार एकता र सङ्घर्षको सम्बन्ध राख्दछ ।

## ६. पार्टीको सैद्धान्तिक वैचारिक दृष्टिकोण

हाम्रो पार्टीमा वैचारिक स्पष्टता भएन भन्ने होइन । हामीले पार्टी पुनर्गठन अभियान सुरु गरेदेखि नै पार्टीको सैद्धान्तिक बैचारिक दृष्टिकोण स्पष्ट रूपमा राख्दै आएका छौं । पार्टीले अगाल्नु पर्ने मूलभूत सैद्धान्तिक र वैचारिक सवालमा

हामी एकदमै स्पष्ट छौं । हामीले पार्टी दर्ता गर्दाको घोषणा पत्र, केन्द्रीय कमिटीका विभिन्न बैठक र केन्द्रीय परिषद्को बैठकबाट पारित राजनीतिक प्रतिवेदनहरू, निर्वाचन घोषणा पत्र आदि दस्तावेजहरूमा आफ्ना स्पष्ट विचार र दृष्टिकोण राखेर आएका छौं । यस सम्बन्धमा आगामी महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरूमा सविस्तार चर्चा गरिने नै छ । त्यसैले यहाँ यस विषयमा विस्तारपूर्वक विश्लेषण गर्नु आवश्यक छैन तथापि स्पष्टताका लागि केही महत्वपूर्ण विषयहरू संक्षेपमा चर्चा गर्नु उपयुक्त नै हुनेछ ।

पहिलो कुरा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) २२ अप्रिल १९४९ (१० वैशाख २००६) मा स्थापित नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रूप हो र यो नेपाली सर्वहारा श्रमजीवी वर्गका जनताको हित प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी हो । नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापना कालदेखि राख्दै आएको नेपाली समाजमा रहेका सामन्ती तथा दलाल नोकरशाही पुँजीवादी र साम्राज्यवादी शोषण, दमन र उत्पीडनको अन्त्य गरी जनवादी चरण हुँदै वैज्ञानिक समाजवादको स्थापना गर्ने र समाजमा रहेका वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिकलगायत सबै प्रकारका विभेदहरूको अन्त्य गरी सामाजिक न्याय र समानतासहितको स्वतन्त्रता तथा आम जनता सुखी एवं समृद्ध भएको समाज अर्थात् वैज्ञानिक समाजवादको स्थापना गर्ने उद्देश्यहरू नै यस पार्टीका आम लक्ष्य एवं उद्देश्य हुन् । यो पार्टी ती सबै लक्ष्य एवं उद्देश्य प्राप्तिको सङ्घर्षमा डटिरहन प्रतिबद्ध छ ।

पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक विश्वदृष्टिकोण र श्रमजीवी वर्गको मुक्ति एवं समाज परिवर्तनको मार्गदर्शक सिद्धान्त हो । मार्क्सवाद कुनै जडसूत्र नभएर एक गतिशील वैज्ञानिक सिद्धान्त भएकाले यसको प्रयोग समाजको विशिष्ट परि स्थिति अनुरूप सिर्जनात्मक ढङ्गले हुन्छ र हुनुपर्दछ भन्ने हाम्रो मान्यता हो । यस मान्यतामा पार्टी दृढ छ । मार्क्सवादको प्रयोग विभिन्न मुलुकमा विभिन्न

ढङ्गले भएको छ । यसको कुनै एउटा मात्र आदर्श नमुना छैन । हामी नेपाली कम्युनिष्टहरू लोकतान्त्रिक मूल्य मान्यतासहितको राजनीतिक प्रणालीका साथ मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने पक्षमा रहिआएका छौं । त्यसक्रममा जननेता कमरेड मदन भण्डारीको अगुवाइमा नेपाली क्रान्तिको कार्यक्रमका रूपमा प्रतिपादित जनताको बहुदलीय जनवादले नेपाली कम्युनिष्ट आन्दोलनको व्यापक विस्तार एवं विकास र लोकतान्त्रीकरणमा महत्वपूर्ण योगदान गरेको थियो । जनवादी क्रान्तिको चरणमा त्यसले हामीलाई मार्गदर्शन गरेको थियो । अहिले नेपाली क्रान्ति जनवादी चरण पार गरेर समाजवादी चरणमा प्रवेस गरेको छ । हामीले अब समाजवादी क्रान्तिको कार्यक्रम अंगालेर अगाडि बढ्नुपर्दछ भन्ने निष्कर्ष केन्द्रीय कमिटीको प्रथम बैठकमा नै निकालेका थियौं । क्रान्तिको यस समाजवादी चरणमा जनताको बहुदलीय जनवादले सम्पूर्ण रूपमा मार्गदर्शन गर्न सक्तैन भन्नेमा पार्टी स्पष्ट छ ।

जनताको बहुदलीय जनवादमा सामन्तवाद विरुद्ध अगाडि सारिएका राजनीतिक माग, नारा र मूल्य मान्यताहरू संविधानमा संस्थागत भएका छन् । यो उपलब्धीको पक्ष हो । तर, जनताको बहुदलीय जनवाद सामन्तवाद विरोधी कार्यक्रम मात्र होइन, दलाल नोकरशाही पुंजीवाद विरोधी कार्यक्रम पनि हो । यो राजनीतिक कार्यक्रम मात्र पनि होइन, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको कार्यक्रम समेत हो । यसले अगाडि सारेका आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका कार्यक्रमहरू व्यवहारमा लागू भइसकेका छैनन् । जबजले जनवादबाट समाजवादमा पुग्न तीन चरण भएर अगाडि बढ्ने जुन मार्गचित्र प्रस्तुत गरेको छ, ती तीन चरणमा हामी लोकतान्त्रिक मार्गबाटै हिड्ने छौं । हामीले कम्युनिष्ट पार्टी लोकतान्त्रिक प्रतिस्पर्धाबाट समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न चाहन्छ भन्ने मान्यता राखेका छौं । नेपाली विशेषताको समाजवाद लोकतान्त्रिक मूल्य मान्यतासहितको हुनेछ भन्ने मान्यता पनि राखेका छौं । जबजले केवल राज्यसत्ताको मात्र होइन कम्युनिष्ट आन्दोलन र पार्टीको लोकतान्त्रिकरणको मान्यता पनि राखेको छ । साथै प्रतिस्पर्धा र

पहलकदमीद्वारा श्रेष्ठता एवं अगुवाइ हासिल गर्ने मान्यता पनि जबजले राखेको छ । यी सबै सन्दर्भमा जबजको सान्दर्भिकता छ । तथापि जबज समाजवादी क्रान्तिको मार्गदर्शक सिद्धान्त भने होइन । समाजवादी क्रान्तिको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । यसमा हाम्रो पार्टी प्रष्ट छ ।

## ७. समाजवादी कार्यक्रम र कार्यदिशा

माथि चर्चा गरिसकिएको छ कि अहिले हाम्रो मुलुक समाजवादी क्रान्तिको चरणमा छ। यस चरणभरिको लागि पार्टीको रणनीतिक लक्ष्य समाजवाद हो। त्यसैले अब पार्टीले अगाडि सार्ने कार्यक्रम समाजवादी हुने छ। समाजवाद समतामूलक समाज निर्माण गर्ने सैद्धान्तिक अवधारणा हो । समतामूलक समाजको अवधारणा धेरै पहिलेदेखि विभिन्न विद्वानहरूद्वारा प्रस्तुत हुँदै आएको अवधारणा हो । त्यही अवधारणालाई पछिल्लो कालमा समाजवाद भन्न थालियो तर त्यसमा समाजमा रहेका कुन कुरा हटाउने र नयाँ के ल्याउने भन्ने स्पष्ट थिएन । मार्क्स र एंगेल्सले त्यसलाई स्पष्ट पार्ने काम गरे । मार्क्सले समाजवादलाई पूँजीवादी र साम्यवादी समाजबिच एउटाबाट अर्कोमा सङ्क्रमण हुने अवस्थाको रूपमा व्याख्या गर्दै त्यो आफ्नै जगमा विकास भएको नभएर पुँजीवादको गर्भबाट निस्किएको हुनाले त्यसका आर्थिक, नैतिक, बौद्धिक हरेक पक्षमा जुन पूरानो समाजबाट आएको हो त्यसका छाप एवम् चिन्हहरू रहेकै हुने छन् भनेका थिए (गोथा कार्यक्रमको आलोचना) ।

समाजवादको परिभाषा र व्याख्या अनेक छन् । विभिन्न विद्वानका.परिभाषा र व्याख्याका आधारमा हेर्दा समाजवादका अनेक रूप भएता पनि मूल प्रवृत्तिको हिसाबले समाजवादका दुई धारा मात्र छन् । एउटा प्रजातान्त्रिक समाजवादी धारा र अर्को वैज्ञानिक समाजवादी धारा । यी दुई धाराबिच रहेका मुख्य भिन्नता के हुन् भने वैज्ञानिक समाजवादले उत्पादनका साधनमाथि निजी स्वामित्वको अन्त्य गर्ने धारणा राख्दछ, प्रजातान्त्रिक समाजवादले त्यस्तो धारणा राख्दैन; प्रजातान्त्रिक समाजवादले सामाजिक सुरक्षाको मात्र

पक्षपोषण गर्छ भने वैज्ञानिक समाजवादले सामाजिक न्याय र समानतामा समेत जोडदिन्छ; प्रजातान्त्रिक समाजवादले व्यक्तिगत स्वतन्त्रतामा बढी जोड दिन्छ भने वैज्ञानिक समाजवादले समानतासहितको स्वतन्त्रतामा जोडदिन्छ । हाम्रो पार्टीले परिलक्षित गरेको समाजवाद वैज्ञानिक समाजवाद हो । हामीले नेपाली विशेषताको समाजवाद निर्माण गर्ने भनेका छौं । त्यो कस्तो हुन्छ ? त्यसका विशेषताहरू के-के हुन्छन् ? त्यसका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक नीतिहरू के कस्ता हुन्छन् ? यी सबै प्रश्नमा गहन छलफल गरी निष्कर्ष निकाल्नु पर्ने छ । उपर्युक्त सबै विषयमा स्पष्ट हुने गरी समाजवादी कार्यक्रम तयार गरेर आगामी पार्टी महाधिवेशनमा प्रस्तुत गरिने छ । पहिले नै स्पष्ट गरिसकिएको छ कि हामीले स्थापना गर्ने समाजवाद लोकतान्त्रिक मूल्य मान्यतासहितको हुने छ । जनवादी क्रान्तिका अहिलेसम्मका उपलब्धिहरूमा टेकेर शान्तिपूर्ण प्रतिस्पर्धामार्फत श्रेष्ठता हासिल गर्दै समाजवादमा पुग्न सकिन्छ भन्ने पार्टीको दृढ विश्वास छ ।

हरेक समाजको क्रान्तिकारी इतिहास नयाँ उन्नत जिवनका लागि जनताले गरेका प्रयत्नहरूको लेखाजोखा हो । त्यसको अर्थ नेकपा (एकीकृत समाजवादी) आज नेपाली जनताले देखेका नयाँ जिवनका आकाङ्क्षाहरूको प्रतिनिधि हो भन्ने प्रमाणित गरेपछि यसको क्रान्तिकारी औचित्यको पुष्टि हुनेछ । अर्थात्, नयाँ जीवनको खोजी गर्दै आज हरेक दिन बाहिरिएका दुई हजार छोराछोरीहरू, राज्यबाट न्युनतम सुरक्षा नपाएका कृषकहरू, बेरोजगारी, अर्धबेरोजगारी र अल्प बेरोजगारीमा पिल्सिएको ठूलो जनसङ्ख्या, कहाली लाग्दो जीवन बाँचिरहेका श्रमजीवीहरू, उद्योग तथा व्यवशाय धराशायी हुँदै गएका उद्यमीहरू, शिक्षा–स्वास्थ्यजस्ता आधारभूत आवश्यकता र हकबाट बञ्चित गरिब नागरिकहरू, अहिले पनि छुवाछुत जस्तो अमानवीय भेदभावमा बाँचेका दलितहरू, अनेकौं सामाजिक विभेद र वञ्चनामा परेका महिला र अल्पसङ्ख्यक जाति जनजाति तथा समुदायहरूको जीवन बदल्ने कार्यसूची भएको पार्टीका रूपमा नेकपा (एकीकृत समाजवादी) लाई पुनर्गठित गर्नु पर्नेछ । यो हाम्रो पार्टीको काँधमा

आइपरेको जिम्मेवारी हो । पार्टीको सर्वोच्च नेतृत्वको हैसियतले यस बैठकले यी मुद्दामा छलफल गर्नेछ र निर्णय लिनेछ ।

कार्यदिशा क्रान्तिका कामलाई तात्कालिक अवस्थामा कसरी अगाडि बढाउने भन्ने विषय हो । यो मूल रूपमा कुन नीति अगालेर कस्तो प्रक्रियाबाट क्रान्तिसँग सम्बन्धित कार्यहरू अगाडि बढाउने भन्ने विषय हो । त्यसैले कार्यदिशा क्रान्तिको चरित्र र प्रक्रिया वा बाटोसँग सम्बन्धित सवाल हो । हाम्रो अहिलेको मूल नीति जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा र विकास गर्दै शान्तिपूर्ण प्रकृयाबाट समाजवादको दिशामा अगाडि बढ्ने भन्ने हो । त्यसैले अहिले हामीले अँगाल्ने कार्यदिशा समाजवादी कार्यदिशा हो । अबको हाम्रो पार्टी काम सम्पूर्ण रूपमा समाजवाद उन्मुख हुन्छ, हुनु पर्दछ ।

अहिले हामी वर्तमान संविधान, गणतन्त्र र सङ्घीयताप्रति प्रतिबद्ध रहदै समाजवादी कार्यदिशा अँगालेर अगाडि बढिरहेका छौं र समाजवादका आधार निर्माण गर्ने भनेका छौं । नेपाली समाजको वर्तमान अवस्थामा समाजवादका आधार निर्माण गर्ने भनेको यतिबेला नेपाल र नेपाली जनताले भोगिरहेका समस्याहरूको समाधान गर्दै अगाडि बढ्ने कुरा हो । आज नेपाल र नेपाली जनताले भोगिरहेका समस्याहरू हुन् : गरिबी, बेरोजगारी, शिक्षा र स्वास्थ्यको समस्या, कमजोर एवं परनिर्भर अर्थतन्त्र, भ्रष्टाचार र कमिसनतन्त्र, जतातते बिचौलियाको बिगबिगी, राष्ट्रमाथि बाह्य हस्तक्षेप र वर्गीय, जातीय, भाषिक, धार्मिक एवं सांस्कृतिक बिभेद । यी सबै समस्याहरूको समाधान गर्दै अगाडि बढ्नु नै आजको  सन्दर्भमा समाजवादका आधार निर्माण गर्नु हो । यो नै आजको हाम्रो कार्यनीतिक कार्यदिशा हो ।

## ८. हाम्रो विद्रोहको औचित्य

नेकपा (एमाले) मा नवौं राष्ट्रिय महाधिवेशनको दौरान नेपाली समाजको चरित्र, वर्तमान क्रान्तिको चरित्र र कार्यदिशाको सवालमा जुन मतभेद उत्पन्न भएको थियो त्यो पछिसम्म पनि कायमै थियो । उक्त महाधिवेशनले

सही कार्यदिशा तय गरेता पनि नेतृत्वमा भने उक्त कार्यदिशाका विरोधी व्यक्तिलाई छान्यो । पार्टी अध्यक्षमा चुनिएका केपी ओलीले महाधिवेशनबाट पारित गरिएको कार्यदिशा कार्यान्वयन गर्न नै चाहेनन् । त्यसले गर्दा पार्टीभित्र गम्भीर मतभेद रहिरहेको थियो तर त्यस मतभेदलाई हामीले विद्रोहको विषय होइन आन्तरिक बहसको विषय मात्र बनाएका थियौं । जब केपी ओलीले स्वेच्छाचारी ढङ्गले प्रतिनिधि सभाको विघटन गरेर मुलुकलाई प्रतिगमनको दिशामा धकेले तब मात्रै हामीले विद्रोहको झण्डा उठाएका थियौं । प्रतिनिधि सभाको विघटन गर्ने कार्य जनताले सङ्घर्ष गरेर प्राप्त गरेका सम्पूर्ण अधिकार हरण गर्ने दुष्कर्म थियो । जनवादी क्रान्तिका सम्पूर्ण उपलब्धी नष्ट गर्ने र मुलुकलाई प्रतिगमनको दिशामा धकेल्ने प्रतिगामी कदम थियो । त्यसैले हामी त्यस प्रतिगामी दुष्कर्मका विरुद्ध उभिएका थियौं र विद्रोहमा उत्रिएका थियौं ।

मुलुकको राजनीतिमा एकपछि अर्को सफलता प्राप्त गर्दै अगाडि बढेको कम्युनिष्ट आन्दोलनमा २०७४ सालको निर्वाचनको परिणाम र कम्युनिष्ट पार्टीहरूको एकिकरण एउटा ऐतिहासिक पानी ढलो थियो । २०७७ सालको पुषमा प्रतिनिधि सभा विघटन र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजन भएपछि नेपाली राजनीतिको कोर्स अचानक बदलियो । लोकतान्त्रिक स्थिरताका साथ समृद्धिको दिशामा अगाडि बढ्ने नेपालीको आकाङ्क्षामा व्यवधान उत्पन्न भयो । राष्ट्रिय राजनीति अस्थिरतातर्फ मोडियो । कम्युनिष्ट आन्दोलनमा असाधारण चुनौति थपिए । त्यस परिस्थितिमा हामीले विद्रोह गरेका थियौं । हामीले संविधानको रक्षाका लागि ठूलो चुनौतिको सामना गरेका छौं, मूल्य चुकाएका छौं । नेपालको राजनीतिक इतिहासले त्यसको मूल्याङ्कन गर्ने नै छ । तर त्यो कदम संसदको रक्षा गर्ने एउटा राजनीतिक परिघटना मात्रै थिएन, बरु क्रान्तिको रक्षाका लागि क्रान्तिकारीहरूले गरेको विद्रोह थियो ।

हामीले विद्रोह मुलुकलाई प्रतिगमनको भूमरीमा धकेल्ने दक्षिणपन्थी विसर्जनवादका विरुद्ध गरेका थियौं । अर्को शब्दमा भन्नुपर्दा हामीले विद्रोह प्रतिगमनका विरुद्ध गरेका थियौं । प्रतिगमनलाई परास्त गरी जनवादी क्रान्तिका

उपलब्धीको रूपमा रहेका संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने, प्रतिनिधि सभालाई बचाएर पूर्ण कार्यकाल काम गर्न दिने र संविधानलाई क्रियाशील बनाउने हाम्रो विद्रोहका मुख्य लक्ष्य थिए । ती लक्ष्य प्राप्त गर्न हामी सफल भएका छौं । प्रतिगमनलाई परास्त गरिएको छ । संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा भएको छ । प्रतिनिधि सभा पुनःस्थापित भएर पूर्ण कार्यकाल कृयाशील रहेको छ । संविधान क्रियाशील भएको छ र सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचन सम्पन्न भएका छन् । जनताले आफ्नो अधिकार प्रयोग गरी तीनै तहमा नया नेतृत्व चयन गरेका छन् । हामीले विद्रोह नगरेको भए यी सब काम हुने थिएनन् । यस अर्थमा हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको हिसाबले हेर्दा हामीले तत्कालीन नेकपा (एमाले) को नेतृत्व गुटमा देखापरेको दक्षिणपन्थी विसर्जनवादका विरुद्ध विद्रोह गरेका थियौं । त्यस दक्षिणपन्थी विसर्जनवादी गुटसँग हाम्रा थुप्रै भिन्नताहरू रहेका छन् । तीमध्ये मुख्य भिन्नताहरू हुन् : १. हामी २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिमार्फत सामन्ती राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना भएपछि नेपाली जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको मान्दछौं भने एमाले यो मान्दैन; २. हामी वर्तमान नेपाली समाज आधारभूत रूपमा पूजीवादी चरित्रको छ भन्छौं भने एमाले यो मान्दैन; ३. हामी अब हुने नेपाली क्रान्तिलाई समाजवादी क्रान्ति भन्छौं भने एमाले यो मान्दैन; ४. हामी मार्क्सवाद-लेनिनवादलाई मात्र मार्गदर्शक सिद्धान्त मान्छौं भने एमाले जनताको बहुदलीय जनवादलाई समेत मार्गदर्शक सिद्धान्त मान्दछ; ५. हामी समाजवादी क्रान्तिको कार्यक्रम अँगालेर अगाडि बढ्ने भन्छौं भने एमाले यो मान्दैन; ६. हामी समाजवादी कार्यदिशा अँगाल्ने भन्छौं भने एमाले यो मान्दैन; ७. हामी प्रतिगामी पुनरुत्थानवादी तत्वहरूका विरुद्ध प्रहार केन्द्रित गर्ने भन्छौं भने एमाले त्यस्ता तत्वसँग सहकार्य गर्न चाहन्छ । यी मूलभूत सवालहरूमा हाम्रो पार्टी र एमालेबिच भिन्नता रहेको हुनाले पनि हाम्रो विद्रोहको औचित्य

पुष्टि भएको छ ।

हामीले विद्रोह गर्दा नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने कुरा पनि गरेका थियौं । यो काम भने पूरा हुन सकेको छैन । यसमा सङ्गठनात्मक पुनर्गठन, विचारधारात्मक पुनर्गठन, आचरण र शैलीको पुनर्गठन आदि काम पर्दछन् । यो नेपाली कम्युनिष्ट आन्दोलनमा भित्रिएका अनेकन विकृति र विसङ्गतिका विरुद्ध मात्रै होइन आफैभित्रका नकारात्मक पक्षका विरुद्ध समेत लामो समय कठोर सङ्घर्ष चलाएर पूरा गर्नुपर्ने काम हो । नथाकीकन गर्नु पर्दछ । हामीले आँट गर्‍यौं भने पक्कै पनि यो काम पनि पूरा गर्न सकिन्छ ।

## ९. वाम एकता र समाजवादी मोर्चा

वर्तमान नेपाली समाजमा आमूल परिवर्तन गरेर समाजवादी क्रान्ति सम्पन्न गर्नको लागि एउटा सशक्त क्रान्तिकारी कम्युनिष्ट पार्टीको आश्यकता पर्दछ । नेपालको कम्युनिष्ट आन्दोलन अहिले विभाजित अवस्थामा छ । विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध नगरी त्यो सशक्त क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण हुन सक्तैन । यही मर्मलाई आत्मसात् गरेर हामीले पार्टी पुनर्गठन अभियान सुरुगर्दादेखि नै नेपालको वाम आन्दोलनलाई एकताबद्ध बनाउनु पर्ने अवधारणा अगाडि सारेका थियौं । हामी अहिले पनि नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउनु पर्दछ भन्ने मान्यता राख्दछौं । हाम्रो यो पनि स्पष्ट धारणा छ कि पार्टी एकता सिद्धान्तनिष्ट, नीतिनिष्ट र बलिया आधारयुक्त हुनु पर्दछ ।

हमीले सुरुदेखि नै क्रान्तिकारी कम्युनिष्टहरू, खासगरी समाजवादी कार्यदिशा अँगालेका कम्युनिष्ट घटकहरूबिच एकता हुनुपर्ने कुरामा जोड दिदै आएका छौं । केही साना घटकहरूलाई पार्टीमा एकताबद्ध गरेका पनि छौं । साथै नेकपा (माओवादी केन्द्र) र जसपालगायतका पार्टीहरूसँग एकता वार्ता पनि चलाएका थियौं । यस दौरान व्यवहारबाट के स्पष्ट भयो भने अहिले तत्काल कम्युनिष्ट

पार्टीहरूबिचको एकता वा वाम एकता सम्भव छैन । पार्टी एकता हुनका निम्ति पार्टीको नाम, मार्गदर्शक सिद्धान्त, सङ्गठनात्मक सिद्धान्त, कार्यक्रम र कार्यदिशाजस्ता मूलभूत विषयमा एकरूपता हुनु पर्दछ । यी मुख्य विषयमा एकरूपता नभइकन पार्टी एकता हुन सक्तैन । कार्यगत एकता, मोर्चाबन्दी र सहकार्य भने तात्कालिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक मुद्दाहरूमा दृष्टिकोण मिल्नेहरूका बिच गर्न सकिन्छ । त्यसैले अहिले पार्टी एकता होइन समाजवादी कार्यदिशा अँगालेका वामपन्थी पार्टीहरूको एउटा मोर्चा बनाएर सहकार्य गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्षमा हामी पुगेका हौँ ।

अहिले नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र), जसपा र नेकपा (विप्लव) को सहभागितामा समाजवादी मोर्चा, नेपाल बनेको छ । यो संयुक्त मोर्चा हो । संयुक्त मोर्चा क्रान्तिकारी आन्दोलन सञ्चालन गर्ने एउटा महत्वपूर्ण संरचना हो । संयुक्त मोर्चा विभिन्न प्रकारका हुन्छन् । अहिले बनाइएको समाजवादी मोर्चा समाजवादी कार्यदिशा अँगालेका वामपन्थी पार्टीहरूबिचको संयुक्त मोर्चा हो । यो रणनीतिक चरित्रको संयुक्त मोर्चा हो । यस मोर्चाको मुख्य लक्ष्य र उद्देश्य 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै समाजवादको नेपाली बाटो तय गर्ने र समाजको अग्रगामी रूपान्तरणको कार्य अगाडि बढाउने' हो । यस उद्देश्य अनुरूप मोर्चालाई राम्रोसँग परिचालन गर्न सकियो भने समाजवादी क्रान्तिलाई अगाडि बढाउन केही न केही योगदान पुग्ने छ ।

यस मोर्चाले एक त वर्तमान गठबन्धनलाई बलियो बनाउन योगदान गर्छ र राजनीतिक अस्थिरतालाई रोक्न मद्दत गर्दछ भने अर्कोतर्फ समाजवादी ध्येय भएका राजनीतिक दलहरूका बीच सहमति र सहकार्यको आधार तयार गर्दछ । वामपन्थी तथा समाजवादी शक्तिहरूका बीचको सहकार्यले संविधानको रक्षा र विकास गर्दै पुनरुत्थानवादी तथा दक्षिणपन्थी शक्तिहरूका विरुद्ध एउटा शक्तिका रूपमा काम गर्छ । त्यस अर्थमा यो मोर्चाको निर्माण महत्वपूर्ण छ । जनसाधारणका लागिसमेत यसको महत्व कति छ भन्ने कुरा

यस मोर्चाको घोषणामा देखिएको उत्साहले स्पष्ट पार्दछ । अहिले यसलाई प्रदेश र जिल्लास्तरसम्म विस्तार गर्ने निर्णय भएको छ । भविष्यमा समाजवादी कार्यक्रम निर्माण गर्न र मुलुकलाई त्यसतर्फ अगाडि बढाउन मोर्चाले योगदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

समाजवादी मोर्चामा रहँदा पार्टी कम्जोर हुन्छ भन्ने होइन । मोर्चामा रहनु भनेको त्यसैमा विलय हुने भन्ने होइन । मोर्चामा रहँदैमा पार्टीको स्वतन्त्र अस्तित्व समाप्त हुने होइन । मोर्चामा रहेको बेलामा पनि पार्टीको आफ्नो स्वतन्त्र अस्तित्व रहिरहन्छ र पार्टीले आफ्ना कार्यक्रम र क्रियाकलाप स्वतन्त्र रूपमा सञ्चालन गरिरहन्छ । साझा कार्यक्रम मोर्चाबाट गरिन्छ भने पार्टीका आफ्ना कार्यक्रम स्वतन्त्र रूपमा चलिरहन्छन् । त्यसैले मोर्चामा रहँदैमा पार्टी कम्जोर हुँदैन बरु पार्टीलाई बलियो बनाउन सहयोग नै पुग्दछ । विगतमा पनि कम्युनिष्ट पार्टीले संयुक्त मोर्चा बनाएर काम गरेको थियो र त्यसबाट पार्टी विस्तारमा सहयोग पुगेको थियो ।हाम्रा आन्तरिक कमजोरीलाई इमान्दारीपूर्वक स्वीकार गर्न र हटाउन सक्दा, हामीले विकसित गरेका नेपाली क्रान्तिका सिद्धान्तहरूलाई स्पष्ट पार्न सक्दा र हाम्रो सम्पूर्ण सामर्थ्यलाई सङ्गठित गर्न सक्दा नेकपा (एकीकृत समाजवादी) ले क्रान्तिकारी तथा प्रगतिशील शक्तिहरूको ध्रुविकरणमा नेतृत्व गर्न सक्छ ।

अहिले हामी संसदभित्र रहेका विभिन्न राजनीतिक दलहरू सम्मिलित गठबन्धनमा पनि छौं । यो गठबन्धन संयुक्त मोर्चा होइन तात्कालिक राजनीतिक कार्यगत एकता मात्र हो । यो गठबन्धन वर्तमान संसदको संरचना अनुसार सरकार निर्माण र सञ्चालनका निम्ति बनाइएको गठबन्धन हो । यो दीर्घकालीन होइन तात्कालिक राजनीतिक कार्यगत एकता मात्र हो । त्यसैले तात्कालिक राजनीतिक परिस्थिति बदलियो भने यस्तो तात्कालिक राजनीतिक गठबन्धन वा कार्यगत एकता पनि बदलिन सक्छ । तर, अहिले तत्काल वर्तमान राजनीतिक परिस्थिति र गठबन्धन बदलिने र हामी गठबन्धनबाट बाहिर निस्कने अवस्था छैन ।

## १०. सङ्गठन सुदृढिकरण अभियानको समीक्षा

केन्द्रीय कमिटीको पाँचौं बैठकबाट सङ्गठन सद्रदृढीकरण विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको थियो । त्यस अभियानको उद्देश्य गठन भएका कमिटीहरूको बैठक बसी अध्यावधिक गर्ने, कमिटी नबनेका पालिका र वडाहरूमा कमिटी गठन गर्ने, जनसङ्गठनका कमिटी गठन गर्ने, पार्टी सदस्यता र सङ्गठित पार्टी सदस्यता अध्यावधिक तथा नविकरण गर्ने, प्रशिक्षण अभियान सञ्चालन गर्ने, आम भेला गरी पार्टीका धारणा राख्ने; अभिलेख व्यवस्थित गर्नेलगायतका कार्य गर्ने थियो । यो अभियान सञ्चालन गर्न केन्द्रबाट प्रत्येक प्रदेश तथा जिल्लामा अनुगमनकर्ता र प्रत्येक पालिकामा सहजकर्ता खटाइएको थियो । सुरुमा दुई महिना सञ्चालन गर्ने भनिएको उक्त अभियानका लागि पछि समय थप गरिएको थियो ।

सङ्गठन सुदृढीकरण विशेष अभियानका दौरान सबै प्रदेश कमिटी र मधेश प्रदेशबाहेक अरु प्रदेशका जिल्ला कमिटीका बैठक बसेका छन् । मधेश प्रदेशका जिल्ला कमिटीका सचिवालय बैठक भएका छन् । अधिकांश जन सङ्गठनका बैठक भएका छन् । पार्टी र जन सङ्गठनका धेरै कमिटीहरू अध्यावधिक भएका छन् । केही पालिका र वडाहरूमा नया कमिटी बनेका छन् । प्रदेश र जिल्ला स्तरीय प्रशिक्षणहरू भएका छन् । केही जिल्लामा पार्टी सदस्यता नविकरण गरिएको छ । केही जिल्ला अधिवेशन भएका छन् । यी सब अभियानका उपलब्धि हुन् ।

मातहत कमिटीहरूबाट प्रतिवेदन प्राप्त नभएकोले सङ्गठन सुदृढीकरण विशेष अभियानको वस्तुनिष्ट समीक्षा गर्न सकिएको छैन । तथापि यो अभियान जुन उद्देश्यले सञ्चालन गर्ने भनिएको थियो त्यस अनुसार काम हुन सकेन भन्दा अत्युक्ति हुँदैन ।

## ११. हाम्रो सङ्गठनात्मक अवस्था र समस्या

हाम्रो सङ्गठनात्मक संरचना केन्द्र, प्रदेश र स्थानीय तह गरी मद्रख्य तीन

तहमा विभाजित छ । केन्द्रमा केन्द्रीय कमिटी, तीनओटा केन्द्रीय आयोगहरू, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय ज्येष्ठ कम्यद्नुनिष्ट मञ्च, केन्द्रीय परिषद्, केन्द्रीय विभाग, प्रदेश तहमा भूगोलका सातओटा प्रदेश कमिटी र स्थानीय तहमा सतहत्तर जिल्ला कमिटी, अधिकांश पालिका कमिटी र आधाभन्दा बढी वडामा वडा कमिटी गठन भएका छन् । गैरभूगोल क्षेत्रका विशेष प्रदेश कमिटी, विशेष जिल्ला कमिटी, सम्पर्क कमिटी, विशेष इलाका र सम्पर्क मञ्च तथा प्रवासमा समेत हाम्रो पार्टी फैलिएको छ । उपर्युक्त पार्टी कमिटीहरूका अतिरिक्त जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनहरूमा पनि ठूलो सङ्ख्यामा पार्टीका सदस्य एवं समर्थकहरू सङ्गठित भएका छन् । सङ्गठन सुदृढीकरण अभियानका दौरान अध्यावधिक गरिएका पार्टी र जन सङ्गठनका कमिटी तथा तिनमा सङ्गठित सदस्य सङ्ख्या निम्न प्रकार छ :

**क. केन्द्रीय निकाय :**

| क्र.सं | कमिटी/ परिषद् | सङ्गठित सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | केन्द्रीय कमिटी | ३४४ | |
| २ | केन्द्रीय अनुशासन आयोग | ३६ | |
| ३ | केन्द्रीय लेखापरीक्षण आयोग | ३२ | |
| ४ | केन्द्रीय निर्वाचन आयोग | ३२ | |
| ५ | केन्द्रीय सल्लाहकार परिषद् | १४६ | |
| ६ | केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च | ३८ | |
| ७ | केन्द्रीय परिषद् ( पदेनबाहेक) | ६०८ | यकिन गर्नुपर्ने |
| | **जम्मा** | **१२३६** | |

**ख. प्रदेश निकाय :**

| क्र.सं | प्रदेश कमिटी | सं. संख्या | प्रदेश आयोग | सं. संख्या | प्रदेश परिषद् | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश कमिटी | ३२७ | | | | |
| २ | मधेश प्रदेश कमिटी | १७५ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | बागमति प्रदेश कमिटी | २५४ | | | | |
| ४ | गण्डकी प्रदेश कमिटी | १६७ | | | | |
| ५ | लुम्बिनी प्रदेश कमिटी | २०९ | | | | |
| ६ | कर्णाली प्रदेश कमिटी | २२७ | | | | |
| ७ | सु.प. प्रदेश कमिटी | २३९ | | | | |
| ८ | उपत्यका विशेष प्रक | ६७ | | | | |
| ९ | सम्पर्क विशेष प्रक | ७३ | | | | |
| १० | भारत प्रवास प्रक | | | | | |
| ११ | अन्य प्रवास प्रक | ४७ | | | | |
| १२ | **जम्मा** | **१७८५** | | | | |

## ग. स्थानीय कमिटीहरूको प्रदेशगत अवस्था :

## कोशी प्रदेश :

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ८५ | | | | |
| २ | पाँचथर | ९९ | | | | |
| ३ | इलाम | ११५ | | | | |
| ४ | झापा | १२७ | | | | |
| ५ | मोरङ | २५१ | | | | |
| ६ | सुनसरी | १७५ | | | | |
| ७ | धनकुटा | ८१ | | | | |
| ८ | भोजपुर | १५५ | | | | |
| ९ | तेह्रथुम | ७५ | | | | |
| १० | शंखुवासभा | १४९ | | | | |
| ११ | सोलु | ७७ | | | | |
| १२ | ओखलढुङ्गा | ५१ | | | | |
| १३ | खोटाङ | १०७ | | | | |
| १४ | उदयपुर | ९१ | | | | |
| | **जम्मा** | **१६३८** | | | | |

## मधेश प्रदेश :

| क.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | १२१ | | | | |
| २ | सिराहा | २०५ | | | | |
| ३ | महोत्तरी | ७७ | | | | |
| ४ | सर्लाही | २९९ | | | | |
| ५ | धनुषा | २०६ | | | | |
| ६ | रौतहट | २०१ | | | | |
| ७ | बारा | १४२ | | | | |
| ८ | पर्सा | १३५ | | | | |
| | जम्मा | **१३८६** | | | | |

## बागमति प्रदेश :

| क.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | चितवन | १९५ | | | | |
| २ | धादिङ | २२५ | | | | |
| ३ | रसुवा | ३५ | | | | |
| ४ | नुवाकोट | १२२ | | | | |
| ५ | काठमाडौं | २२५ | | | | |
| ६ | ललितपुर | १४५ | | | | |
| ७ | भक्तपुर | ६५ | | | | |
| ८ | काभ्रे | २८८ | | | | |
| ९ | सिन्धुपाल्चोक | ८५ | | | | |
| १० | दोलखा | १२५ | | | | |
| ११ | रामेछाप | ९५ | | | | |
| १२ | सिन्धुली | ६१ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | मकवानपुर | १४९ | | | | |
| | **जम्मा** | **१८१५** | | | | |

**गण्डकी प्रदेश :**

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | मनाङ | ३१ | | | | |
| २ | मुस्ताङ | २६ | | | | |
| ३ | बाग्लुङ | ६५ | | | | |
| ४ | म्याग्दी | ३२ | | | | |
| ५ | पर्वत | ८० | | | | |
| ६ | लम्जुङ | ३७ | | | | |
| ७ | गोरखा | ६० | | | | |
| ८ | स्याङ्जा | ७१ | | | | |
| ९ | कास्की | १६० | | | | |
| १० | तनहु | ९२ | | | | |
| ११ | नवलपुर | ६५ | | | | |
| | **जम्मा** | **७१९** | | | | |

**लुम्बिनी प्रदेश :**

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | १०९ | | | | |
| २ | गुल्मी | ९५ | | | | |
| ३ | पाल्पा | ११० | | | | |
| ४ | परासी | ९१ | | | | |
| ५ | रूपन्देही | १८५ | | | | |
| ६ | कलिवस्तु | ५५ | | | | |
| ७ | दाङ | १७१ | | | | |
| ८ | प्युठान | ३७ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | रोल्पा | ६१ | | | | |
| १० | रुकुम पूर्व | ५१ | | | | |
| ११ | बाँके | १७५ | | | | |
| १२ | बर्दिया | १४१ | | | | |
| | **जम्मा** | **१२८१** | | | | |

**कर्णाली प्रदेश :**

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | रुकुम (प) | ८१ | | | | |
| २ | जाजरकोट | ८५ | | | | |
| ३ | सल्यान | १३५ | | | | |
| ४ | सुर्खेत | १८५ | | | | |
| ५ | दैलेख | १२५ | | | | |
| ६ | कालीकोट | ९५ | | | | |
| ७ | जुम्ला | १३३ | | | | |
| ८ | मुगु | ११० | | | | |
| ९ | हुम्ला | ११५ | | | | |
| १० | डोल्पा | ८७ | | | | |
| | **जम्मा** | **११५१** | | | | |

**सुदुर पश्चिम प्रदेश :**

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | पालिका कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | दार्चुला | ५७ | | | | |
| २ | बैतडी | ६३ | | | | |
| ३ | डडेलधुरा | १११ | | | | |
| ४ | कञ्चनपुर | ११६ | | | | |
| ५ | कैलाली | २०९ | | | | |
| ६ | डोटी | ८७ | | | | |
| ७ | अछाम | ७९ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | बझाङ | १६० | | | | |
| ९ | बाजुरा | १३४ | | | | |
| | **जम्मा** | **१०१६** | | | | |

**उपत्यका विशेष प्रदेश :**

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | शाखा कमिटी | सं. संख्या | वडा कमिटी | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | पेशागत | ६६ | | | | |
| २ | मज्दुर | ५९ | | | | |
| ३ | उद्योग व्यवसायी | ६५ | | | | |
| ४ | युवा | २२ | | | | |
| ५ | विद्यार्थी | ३१ | | | | |
| | **जम्मा** | **२४३** | | | | |

**सम्पर्क विशेष प्रदेश :**

| क्र.सं | जिल्ला कमिटी | सं. संख्या | जिल्ला सम्पर्क मञ्च | सं. संख्या | निक्षे सम्पर्क मञ्च | सं. संख्या |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ८३ | | | | |
| २ | मधेश प्रदेश | ३० | | | | |
| ३ | बागमति प्रदेश | ५२ | | | | |
| ४ | गण्डकी प्रदेश | ४३ | | | | |
| ५ | लुम्बिनी प्रदेश | ६३ | | | | |
| ६ | कर्णाली प्रदेश | ४६ | | | | |
| ७ | सु.प. प्रदेश | ३३ | | | | |
| | **जम्मा** | **३५०** | | | | |

## घ. जनसङ्गठनहरूको साङ्गठनिक विवरण

| क्रस | सङ्गठनको नाम | के.क | सं. संख्या | घटक | सं. संख्या | प्र.क. | सं. संख्या | जि.क. | सं. संख्या | पा.क. | सं. संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एट्रेयू महासङ्घ | १ | ६७ | | | | | | | | | |
| २ | अनेकि महासङ्घ | १ | ३५० | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अनेमसङ्घ | १ | २५१ | | | | | | | | | |
| ४ | पेशागत महासङ्घ | १ | ७१ | | | | | | | | | |
| ५ | नेराउव्य महासङ्घ | १ | १२९ | | | | | | | | | |
| ६ | खेलकुद महासङ्घ | १ | ३४४ | | | | | | | | | |
| ७ | राजसा महासङ्घ | १ | ८८ | | | | | | | | | |
| ८ | आजजा महासङ्घ | १ | २६५ | | | | | | | | | |
| ९ | ने.द.मु. सङ्गठन | १ | २४५ | | | | | | | | | |
| १० | स.प्रेस सङ्गठन | १ | १५१ | | | | | | | | | |
| ११ | ने.मु.इ. सङ्गठन | १ | २७२ | | | | | | | | | |
| १२ | प्रनेराशि सङ्गठन | १ | १३१ | | | | | | | | | |
| १३ | कानुन व्य.सङ्गठन | १ | ९१ | | | | | | | | | |
| १४ | नेभुपूप्रसै. सङ्गठन | १ | ७२ | | | | | | | | | |
| १५ | सहकारी सङ्गठन | १ | ७८ | | | | | | | | | |
| १६ | एवैरोव्य महासङ्घ | १ | ३५ | | | | | | | | | |
| १७ | स.इ.एसोसिएसन | १ | ३९ | | | | | | | | | |
| १८ | ने.नेवाराष्ट्रिय सङ्घ | १ | ४३ | | | | | | | | | |
| १९ | ए.स्वा. क. संगठन | १ | ७५ | | | | | | | | | |
| २० | पर्यटन व्य. संगठन | १ | ७५ | | | | | | | | | |
| २१ | ए.प्राध्यापक सङ्गठन | १ | ७५ | | | | | | | | | |
| २२ | नेयुप (समाजवादी) | १ | ११५ | | | | | | | | | |
| २३ | युवासङ्घ नेपाल | १ | | | | | | | | | | |
| २४ | अनेगस्वियू | १ | | | | | | | | | | |
| २५ | स.अपा.सङ्गठन | १ | ४९ | | | | | | | | | |
| | **जम्मा** | **२५** | **३१११** | | | | | | | | | |

हाम्रो पार्टी हामीले चाहे जसरी अगाडि बढ्न सकेको छैन । पार्टी पङ्क्तिमा आलस्यता, निराशा, निष्कृयता, पलायनता जस्ता कमजोरी देखिएका छन् । यस प्रकारका कमजोरी देखिनुका विभिन्न कारणहरू छन् । सबभन्दा प्रमुख कारण पार्टीमै रहेका कतिपय व्यक्तिहरूबाट पार्टीको बदख्वाइं गर्ने अनुशासनहीन र अराजक कार्य हो । त्यस्तो कार्य गर्ने केही व्यक्ति पार्टीबाट पलायन भएर गइसकेका छन् । यदि कसैबाट अझै पनि त्यस प्रकारको दुष्कर्म भइरहेको छ भने तुरुन्त रोकिनु पर्दछ । त्यस्ता गलत कार्यलाई विगतमा नियन्त्रण नगरिएको भए पनि अब छुट दिन सकिदैन । साथै पार्टीका सिद्धान्त, विचार र दृष्टिकोणको दृढतापूर्वक पक्षपोषण गर्ने आँटको कमी; जिम्मेवारी लिने तर वहन नगर्ने प्रवृत्ति; आत्मविश्वासको कमी; पार्टी सानो छ भन्ने लघुताभाष; प्रत्यक्ष रूपमा कुनै लाभ प्राप्त नभएको असन्तुष्टि; विरोधीले फैलाएका भ्रम र सामाजिक सञ्जालमार्फत भएका कुप्रचारको प्रभाव; हाम्रो प्रचार कार्य कम्जोर हुनु आदि अन्य कारण हुन् ।

अब उपर्युक्त कमी कमजोरीहरूलाई हटाउदै निराशालाई चिर्ने, आशा र उत्साह जगाउने, प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र पार्टीलाई एउटा असल क्रान्तिकारी कम्युनिष्ट पार्टीको रूपमा अगाडि बढाउने ठोस योजना र दृढ अठोटका साथ अघि बढ्नु पर्दछ ।

## १२. आगामी कार्ययोजना

पार्टी कामलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका निम्ति स्पष्ट कार्ययोजनाको खाँचो पर्दछ । कार्ययोजना पार्टीले तत्काल गर्ने कामहरूको खाका हो । कार्य योजनामा जहिले पनि सङ्गठनात्मक, विचारधारात्मक र प्रचारात्मक काम मुख्य रूपमा रहने गर्दछन् । हामीले अबको करिब पाँच महिनापछि पार्टी महाधिवेशन गर्न गइरहेका छौं । त्यसैले उक्त अवधिका लागि हाम्रो कार्ययोजना महाधिवेशन केन्द्रित हुने छ । सङ्गठनात्मक, विचारधारात्मक, प्रचारात्मक, आर्थिक, सांस्कृतिक सबै काम महाधिवेशन केन्द्रित हुने छन् ।

**१२.१. सङ्गठनात्मक काम :** अहिलेको मुख्य सङ्ठनात्मक काम सङ्गठित पार्टी सदस्यता नविकरण र वितरण हुनेछ । यही भदौ २० गतेभित्र पार्टी कमिटी र जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनका कमिटीको बैठक बसेर योजना बनाई आगामी कात्तिक मसान्तभित्र पूरानो सङ्गठित पार्टी सदस्यता नविकरण र नया सदस्यता वितरण गरी मंसिर १० गतेभित्र प्रमाणीकरणको लागि केन्द्रीय सङ्गठन विभागमा पठाउने । पार्टी सदस्यता वितरण र नविकरण गर्ने कार्य निरन्तर रूपमा चलिरहन सक्छ तर महाधिवेशनको प्रकृयामा सहभागी हुन भने कात्तिक मसान्तभित्र नविकरण र वितरण भई मंसिर १० गतेभित्र प्रमाणीकरणको लागि केन्द्रीय सङ्गठन विभागमा पठाइएका सदस्यहरूले मात्र पाइने छ ।

**१२.२. विचारधारात्मक काम :** अब महाधिवेशन अगाडिको अवधिमा हाम्रो विचारधारात्मक काम पनि महाधिवेशन केन्द्रित नै हुनेछ । यो काम महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरूको मस्यौदा र ती मस्यौदामाथि छलफलमा केन्द्रीय हुने छ । यही भदौ र असोजमा दस्तावेजहरूको मस्यौदा गरिसकिने छ र कात्तिक र मंसिर महिनामा दस्तावेजमाथि पार्टीव्यापि रूपमा छलफल र बहस चलाइने छ । यस अवधिका प्रशिक्षण पनि महाधिवेशन केन्द्रित नै हुने छन् ।

**१२.३. प्रचारात्मक काम :** प्रचारात्मक काम पनि महाधिवेशन केन्द्रित नै हुनेछ । यस अवधिमा महाधिवेशन केन्द्रित प्रचार सामग्री प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने काम गरिने छ ।

**१२.४. आर्थिक काम :** आर्थिक काम पनि महाधिवेशन केन्द्रित नै हुनेछ। यस अवधिमा महाधिवेशनका निम्ति आवश्यक पर्ने आर्थिक

सङ्कलन गर्ने, सदस्यता शुल्क र लेवी उठाउने, महाधिवेशन विशेष आर्थिक सहयोग सङ्कलन गर्नेलगायतका काम गरिने छ।

१२.५. **कार्यालय व्यवस्थापन :** महाधिवेशनका कामलाई व्यवस्थित गर्नका लागि केन्द्र, प्रदेश, जिल्ला र पालिका तहमा पार्टी कार्यालय सुव्यवस्थित रूपमा चल्नु पर्दछ । केन्द्र, प्रदेश र जिल्लामा नियमित रूपमा खोल्ने व्यवस्थित कार्यालय हुनु पर्दछ।

१२.६. **अभिलेख व्यवस्थापन :** पार्टीको महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरूमा पार्टी कामका सम्पूर्ण विवरण समावेश गर्नुपर्ने भएकाले अभिलेख व्यवस्थापन कार्य अविलम्ब अगाडि बढाउनु पर्दछ । प्रदेश तथा स्थानीय कमिटीहरूबाट केन्द्रमा आउनु पर्ने कार्य प्रगति प्रतिवेदनहरू नियमित रूपमा नआएकाले केन्द्रीय अभिलेख नै व्यवस्थित गर्न नसकिएको अवस्था छ । यस्तो अवस्थाको अब अविलम्ब अन्त्य गर्नु पर्दछ । हरेक कमिटीले आफ्नो तहको अभिलेख व्यवस्थित गर्ने र माथिल्लो कमिटीमा नियमित रूपमा पठाउने काम गर्नु पर्दछ ।

१२.७. **जनजागरण अभियान सञ्चालन :** महाधिवेशनको घोषणा भइसकेपछि पार्टीका सम्पूर्ण काम महाधिवेशन केन्द्रित नै गर्नु पर्दछ तापनि एउटा कम्युनिष्ट पार्टीले जनसरोकारका विषयलाई कहिल्यै पनि पन्छाउन नहुने हुँदा महाधिवेशनकै दौरानमा पनि भ्रष्टाचार, कमिसनतन्त्र, जातीय विभेद, छुवाछुतजन्य व्यवहार, महिलामाथि हुने उत्पीडन, यौनहिंसाजस्ता गलत कार्यको विरोध गर्ने र सुशासन, पारदर्शिता, श्रमजीवी वर्गको हक हितको पक्षपोषण गर्ने गरी जनजागरण अभियान सञ्चालन गर्ने कार्य जारी नै राख्नु पर्दछ ।

**१२.८. राष्ट्रिय अभियान :** आगामी असौज एक महिना हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) ले उठाउँदै आएका र उठाउनु पर्ने आर्थिक, सामाजिक, शैक्षिक, सुशासन आदि मुद्दाहरूमा केन्द्रित भएर राष्ट्रिय अभियान चलाइने छ । समृद्धि र समाजवादको नेतृत्व गर्न नेकपा (एकीकृत समाजवादी) किन अपरिहार्य छ भन्ने कुरा स्थापित गर्नु यसको उद्देश्य हुनेछ। यस क्रममा नयाँ सदस्यताका लागि अभियान चलाइने छ र महाधिवेशनको सन्देश राष्ट्रव्यापि बनाइने छ ।

महाधिवेशनलाई लक्षित गरेर पार्टीमा युवा सदस्यहरूको वृद्धि गर्न युवा–विद्यार्थी विशेष कार्यक्रम गरिनेछ ।

उपर्युक्त कार्ययोजना कार्यान्वयन गर्नका निम्ति पार्टी नेताहरूको कार्यविभाजनमा आवश्यक हेरफेर गर्ने र अनुगमनको पनि व्यवस्था गर्ने ।

**प्रिय कमरेडहरू,**

हामी यतिवेला पार्टी निर्माणको एउटा विशिष्ट अवस्थामा आईपुगेका छौं । हामीले विद्रोहको प्रक्रियाबाट पार्टी निर्माण गरेको दुई वर्ष भएको छ। यसबीचमा हामीले स्थानीय निर्वाचनका साथै प्रदेश सभा र प्रतिनिधि सभाका निर्वाचनको समेत सामना गरेका छौं। पार्टी निर्माण र परिचालनका दुई दुई वटा महत्वपूर्ण अभियानहरू सञ्चालन गरेका छौं । यस क्रममा अनेकौं महत्वपूर्ण अनुभव र शिक्षा हासिल गरेका छौं । हामी समाजवादी क्रान्तिका कार्यदिशा अँगालेर अगाडि बढ्ने क्रममा सिद्धान्त र विचार निर्माणको एक महत्वपूर्ण मञ्च मानिने पार्टीको राष्ट्रिय महाधिवेशन गर्ने तयारीको बिन्दुमा आइपुगेका छौं । त्यसैले यस बैठकको ऐतिहासिक महत्व रहेकोछ । आउनुहोस्, हामी सबैले पार्टी महाधिवेशनको आयोजनाको ठोस योजना निर्माण गरी ठोस ढङ्गले जिम्मेवारी वहन गरौं र सक्रियतापूर्वक व्यवहारमा लागिपरौं । सम्पूर्ण कमरेडहरूले खुला

र खुलस्त भएर बैठकमा विचार मन्थन गरौं र नेपाली विशेषताको समाजवादी क्रान्ति र निर्माणका लागि दृष्टिकोण, सिद्धान्त र विचारको सवालहरूमा एक रूपता कायम गरी पार्टीलाई सैद्धान्तिक तथा वैचारिक जगमा एकतावद्ध गरौं । पार्टीको दशौं राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न गरौं ।

क्रान्तिकारी अभिवादन सहित ।
माधवकुमार नेपाल
अध्यक्ष
२०८०/५/५